# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७ ] काठमाडौं, चैत्र २६ गते २०२४ साल [ संख्या ५१


### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

भन्सार ऐन, २०१९ (संशोधन सहित) को दफा ९ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

मिति २०२४ साल आषाढ १९ गतेको नेपाल राजपत्र खण्ड १७, संख्या १२, भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको देहाय (१) मा उल्लेखित ट्रान्जिष्टर गोटा एकमा मिति २०२४–८–२३ गतेदेखि आर्थिक ऐन, २०२४ बमोजिम पैठारी महसूल र पैठारी महसूल माथि लाग्ने सरचार्ज मात्र लिई मोल माथि लाग्ने सरचार्ज नलिने गरी आंशिक रूपले भन्सार महसूल सुविधा दिने गरी संशोधन गरेको छ ।

आज्ञाले–
भेषबहादुर थापा
श्री ५ को सरकारको सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

राष्ट्रऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राष्ट्रऋण नियमहरू, २०२० को नियम ४ को उप–नियम (१) बमोजिम राष्ट्रऋण उठाउन व्याजरहित प्राइज बण्ड निष्काशित गरेको छ ।

निष्काशित गरिने व्याजरहित प्राइज बण्डको जम्मा मूल्य भुक्तानी अवधी र व्याजको हकमा राष्ट्रऋण नियमहरू, २०२० को नियम ३ को उप–नियम (५) अनुसूचि ङ बमोजिमको प्राइज पर्नेलाई दिने गरी निम्न शर्तहरू कायम गरिएको छः–

१. ऋणको नामः– यस ऋणको नाम विकाश ऋण प्राइज बण्ड, २०२८ रहेको छ ।

२. ऋणको उद्देश्यः– विभिन्न विकास योजनाहरूलाई चाहिने खर्च पूर्ति गर्नको लागि यो ऋण उठाइएको छ ।

३. निष्काशित ऋणको रकमः– यो ऋणको जम्मा रकम रू. १८,१०,९१५।–अठार लाख दश हजार नौसय पन्ध्रको हुने छ ।

४. ऋणको व्यय भारः– श्री ५ को सरकार सर्वसंचित कोषप्रति हुने छ ।

५. ऋण पत्रको दरः– प्रत्येक ऋणपत्र रू. ५।– पांच दरको हुने छ ।

६. ऋणपत्रको बिक्रीः– यो ऋणपत्रको बिक्री २०२५ साल वैशाख २ गतेदेखि हुने छ ।

७. ऋणपत्रको बिक्री मूल्यः– ऋणपत्रहरूको बिक्री ऋण पत्रमा अंकित मूल्य बमोजिम पूरापूर मूल्यमा हुने छ ।

८. ऋणपत्रको खरिदः–(१) यो प्राइज बण्ड नेपाल अधिराज्यमास्थित जुनसुकै बैङ्क अफिस र बैङ्क नभएको ठाउंको श्री ५ को सरकारको मालअड्डा, भन्सारअड्डा, करअड्डा, अन्तशुःल्क कार्यालय तथा हुलाक अड्डाहरूबाट खरिद गर्न सकिने छ ।

(२) यो प्राइज बण्ड खरिद गर्न कुनै किसिमको दरखास्त दिनु पर्ने छैन ।

(३) निर्धारित रू. ५।– पांच दरको प्राइज बण्ड जतिसुकै पनि खरिद गर्न सकिने छ ।

(४) रूपैयाँ दिई दफा (१) मा लेखिएका संस्थाहरूबाट प्राइज बण्ड तुरून्त खरिद गर्न सकिने छ ।

९. ऋणको सावाको भुक्तानीः– यी ऋणको सावाको भुक्तानी २०२८ साल चैत्र मसान्तपछि नेपाल अधिराज्यस्थित जुनसुकै बैङ्क अफिसबाट पनि दिइने गरी तोकिएको छ ।

६९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. ऋण सम्बन्धित व्यवस्थाः– यो ऋणको व्यवस्था र तत्सम्बन्धी सबै कारवाई नेपाल राष्ट्र बैङ्कको राष्ट्रऋण विभागले गर्ने छ ।

११. ऋणपत्र खरीद गर्ने अधिकारः– यो ऋणपत्र खरीद गर्ने अधिकार जुनसुकै व्यक्तिलाई पनि हुनेछ ।

१२. नेपाल राष्ट्र बैङ्कको रेखदेखमा वर्षको दुइ पटक कार्तिक १ गते र वैशाख १ गते चिट्ठा खोलिने छ र चिट्ठा पर्ने ऋणपत्रमा धनीहरूलाई देहाय बमोजिमका प्राइजहरू दिइने छः–

| | | | |
|---|---|---|---|
| पहिला १ के रू. | १०,०००।– | ले | १०,०००।– |
| दोश्रो २ के रू. | ५,०००।– | ले | १०,०००।– |
| तेश्रो ५ के रू. | १,०००।– | ले | ५,०००।– |
| चौथा १२ के रू. | ५००।– | ले | ६,०००।– |
| पाँचौ ६५ के रू. | १००।– | ले | ६,५००।– |
| | | | ३७,५००।– |

१३. ऋण सम्बन्धी कानूनी कारवाईः– यी ऋण सम्बन्धी कानूनी कारवाई प्रचलित नेपाल कानून बमोजिम हुने छ ।

आज्ञाले–
हरिहरजङ्ग थापा
श्री ५ को सरकारको का. मु. सचिव ।

मुद्रण विभाग, सिंहदरबार

६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

600

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।